लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८३/०८४
च.नं.:-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०५।२५)*

**श्री सम्बन्धन प्राप्त गरी कक्षा ९ देखि १२ सम्म प्राविधिक धार र सिटिईभिटी अन्तर्गत प्रि.डिप्लोमा/डिप्लोमा तह सञ्चालनमा रहेका सामुदायिक विद्यालय/ शिक्षालय सबै ।**

**विषय : प्राविधिक शिक्षा अध्ययनरत विपन्न लक्षित छात्रछात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्रका सामुदायिक विद्यालय/शिक्षालयहरु कक्षा ९ देखि १२ मा प्राविधिक शिक्षा तर्फ र सिटिईभिटी अन्तर्गत प्रि.डिप्लोमा र डिप्लोमा तहमा अध्ययनरत विपन्न लक्षित छात्रछात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित विद्यालय/ शिक्षालयहरुले सार्वजनिक सूचना प्रवाह गरी यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एकमुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन
२. कक्षा ९ को छात्रवृत्तिको लागि कक्षा ८, कक्षा १० को छात्रवृत्तिको लागि कक्षा ९, कक्षा ११ को छात्रवृत्तिका लागि SEE र कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित स्थानिय तहबाट विपन्न लक्षित समुदायको सिफारिस वा प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
४. अध्ययनरत रहेको कक्षामा कम्तीमा ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस
५. अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको बेहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र
६. विद्यार्थीको खाता रहेको बैंकको नाम , ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

२०८३।०५।२५
...............
(हरिलाल अर्याल)
नि .महानिर्देशक

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै**: सम्बन्धित जिल्ला भित्रका विद्यालयहरुलाई सूचना प्रवाह गरी माथि उल्लिखित सम्पूर्ण कागजातहरु **सावधानी पूर्वक रुजु गरी** विद्यालयगत विद्यार्थी विवरणको प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रतिको एकमुष्ट विवरण तयार गरेर, प्रमाणित गरी प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रति समेत नेपाली Unicode font मा ७ दिन भित्र यस निर्देशनालयमा पठाइदिनुहुन । (विद्यालयले तयार गरेको Excel लाई एकिकृत गरी डिभिजन कार्यालयले Excel तयार गर्ने )

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके -सम्पर्क नं. ९८५८०८०२८१
२. दाङ र रुकुमपूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय,तुल्सीपुर, दाङ- सम्पर्क नं. ९८५७८२५२४६
३. प्यूठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्यूठान -सम्पर्क नं. ९८५७८६०१४३
४. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा -सम्पर्क नं. ९८५७०६४०७०
५. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु -सम्पर्क नं. ९८५७०५००१३
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा ,रुपन्देही-सम्पर्क नं. ९८५७०७७६२०

| प्राविधिक शिक्षा अध्ययनरत ९ देखि १२ सम्मका विपन्न लक्षित छात्रछात्राहरुका लागि छात्रवृत्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम र ठेगाना | कक्षा | विद्यार्थीको नाम | | निवेदन दिएको समूह विपन्न लक्षित | विद्यालयको | | विद्यार्थीको | | कैफियत |
| | | | नेपालीमा | अंग्रेजीमा (बैङ्क खातामा भएको) | | बैङ्कको नाम | खाता नं. | बैङ्कको नाम | खाता नं. | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार पार्नेः

रुजु गर्नेः

प्रमाणित गर्ने

नि.महानिर्देशक